## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

### निर्णय नं. १

नेपालगञ्ज उप-महानगरपालिकामा आगामी आ.व. २०८२।०८३ का लागि समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंमा पठाउने निर्णय गरियो ।

क) संघीय समपूरक अनुदान अन्तर्गतका योजनाहरु

| क्र.सं. | योजना/कार्यक्रमको नाम | वडा नं | कुल लागत अनुमान रु. | उप-महानगरपालिकाले व्यहोर्ने रकम रु. | संघले व्यहोर्ने रकम रु. | अवधि |
|---|---|---|---|---|---|---|
| १. | नटनपुर चोकदेखि सुकामपुर्वा हुँदै रमेशपुर्वा नयाँवस्ती जयजनता मा.वि. हुँदै कोहलपुर सिमाना सम्म जोड्ने बाटो निर्माण | २० | ५,४५,२३,२५०।६८ | ३,८१,६६,२७५।४८ | १,६३,५६,९७५।२० | १ वर्ष |
| २. | नेपालगञ्ज १८ भुजईगाउँ भित्री सडक हुँदै भाटभटेनी सुर्खेत रोडसम्म पक्की नाला सहित सडक कालोपत्रे | १८ | ३,९६,६८,५४०।६३ | २,७७,६७,९७८।४४ | १,१९,००,५६२।१९ | १ वर्ष |
| ३. | हनुमानगढीमा भौतिक संरचना निर्माण तथा ल्याण्ड स्केपिङ्ग कार्य | २ | ५,०७,७३,६२८।१० | ३,५५,४१,५३९।६७ | १,५२,३२,०८८।४३ | १ वर्ष |

ख) संघीय विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु

| क्र.सं. | योजना/कार्यक्रमको नाम | कुल रकम रु. | अवधि |
|---|---|---|---|
| १. | स्थानीय बालमैत्री शासन प्रवर्द्धन कार्यक्रम | १०००००००।०० | १ वर्ष |
| २. | विशेष अनुदान तर्फ लक्षित वर्गका व्यक्तिहरुलाई नव प्रवर्द्धनमा आधारित उद्यम विकास सृजना र क्षमता विकास कार्यक्रम | ४४८०००००।०० | २ वर्ष |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः :

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

निर्णय नं. २

यस नेपालगञ्ज उप-महानगरपालिकामा संघीय समपूरक अनुदान अन्तर्गत आ.व. २०८०/०८१ देखि क्रमागत योजनाका रुपमा सञ्चालित बसपार्क देखि सुर्जिगाउँ जोड्ने बाटो र विद्युत्तदेखि उत्तर सडक स्तरोन्नती वडा नं ४, १९ कार्य यसै आ.व. २०८१/०८२ मा सम्पुर्ण कार्य सम्पन्न हुने भएकाले आ.व. २०८२/०८३ मा सो स्थानमा गर्नु पर्ने आवश्यक कार्य बाँकी नरहने भएकाले आ.व. २०८२/०८३ मा सो योजनाको लागि रकम माग नगर्ने निर्णय गरियो।

निर्णय नं. ३

सडक पूर्वाधार विकास कार्यालय, बाँके, नेपालको प.सं. २०८१/८२, चलानी नं. ४३५, मिति २०८१/१०/२४ गतेको पत्रानुसार सो कार्यालयको आफ्नै प्रशासकीय भवन नभएको कारण घर भाडामा लिई कार्यालय सञ्चालन गरिरहेको र उप-महानगरपालिका अन्तर्गत कुनै स्थानमा कार्यालय भवनको लागि आवश्यक जग्गा उपलब्ध गराईदिनको लागि आवश्यक प्रक्रिया अगाडि बढाईदिनुहुन भनि अनुरोध भएको र नगर कार्यपालिकाको मिति २०७७/०९/०२ गतेको निर्णय नं. २७ अनुसार "नेपालगञ्ज उप-महानगरपालिका, वडा नं. १९ (भुजईगाउँ) को सोल्टी होटेलको पूर्वतर्फ रहेको करीब १९ कठ्ठा खाली सरकारी जग्गा मध्ये ९ (नौ) कठ्ठा **Nepal Academy of Tourism & Hotel Management** (नाथम) लाई र यातायात व्यवस्था कार्यालयको लागि १० (दश) कठ्ठा जग्गा उपलब्ध गराउने" भनि निर्णय भएकोमा निर्णयमा उल्लेखित साविक बसुदेवपुर गा.वि.स. वडा नं. ३ हाल नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १९ नक्सा नं. ३/क कि.नं.१ पर्ति जग्गा Nepal Academy of Tourism & Hotel Management (नाथम) लाई ९ (नौ) कठ्ठा जग्गा प्रदान गरिएकोमा हाल नाथम ले सो जग्गा प्रयोग नगरी कार्यान्वयनमा नरहेकोले जग्गालाई अतिक्रमणबाट वचाई संरक्षण गर्नका लागि उक्त जग्गा मध्ये २ (दुई) कठ्ठा जग्गा सडक पूर्वाधार विकास कार्यालय, वाँके, नेपाललाई प्रशासकीय भवन बनाउन र बाँकी कि.नं.१ पर्ति जग्गामा बाउन्ड्रि पर्खाल र माटो पटान गरी संरक्षण समेत गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम हरेक बर्ष गरिने स्थानीय तहको स्वमूल्याङ्कन (LISA) को बार्षिक कार्ययोजना अनुरुप आ. व. २०८०।०८१ को यस नेपालगञ्ज उप-महानगरपालिकाको स्वमूल्याङ्कन बापतको प्राप्ताङ्क ८३.२५ प्रतिशत पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति बाँकेमा पठाइएकोमा पृष्ठपोषण समेत प्राप्त भई सोहि अङ्क कायम भई आएको हुँदा उक्त नतिजा सार्वजनिक गर्ने प्रयोजनका लागि अनुमोदन गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमश :

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

### निर्णय नं. ५

नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०७९/०२/०९ गतेको निर्णयानुसार सुन्दर काण्ड मित्र मण्डल, नेपालगञ्ज, बाँकेलाई भेरी अस्पताल नेपालगञ्ज, बाँकेको परिसर भित्र रसोई घर सञ्चालनका लागि लाई मासिक रु.१०००००.०० (एक लाख मात्र) उपलब्ध गराउँदै आईरहेकोमा सो स्थानमा बिरामी तथा कुरुवाहरुको अत्याधिक चाप रहेकोले २०८१ फाल्गुन महिना देखि २०८२ असार महिना सम्म मासिक रु.१६००००.०० (एक लाख साठी हजार) र २०८२ साउन महिना देखि मासिक रु.१२५०००.०० (एक लाख पच्चिस हजार मात्र) सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. ६

नेपालगञ्ज उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत सम्बन्धी कार्यविधि, २०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत-पत्र पाउँ भनि निवेदन पेश गरेका तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | फर्मको विवरण | ठेगाना | प्रोप्राइटरको नाम | कै. |
|---|---|---|---|---|
| १. | सनराईज इन्फ्रा एण्ड आई टी सोलुसन | ने.ग.उ.म.न.पा.-१०, बाँके | देवेश जंग शाह | |
| २. | पि.वि. एम कन्स्ट्रक्सन | ने.ग.उ.म.न.पा.-४, बाँके | पबन संज्याल | |
| ३. | ब्रिगेड जनरज एण्ड इन्जिनियरिङ प्रा.लि. | ने.ग.उ.म.न.पा.-१२, बाँके | हर्क बहादुर बोहरा र केशर मल्ल नेपाली | |
| ४. | आदि कामना इन्जिनियरिङ कन्सल्टेन्सी सर्भिसेज प्रा.लि. | ने.ग.उ.म.न.पा.-२०, बाँके | ई. धन बहादुर के.सी. | |

### निर्णय नं. ७

यस नेपालगञ्ज भन्सार जमुनाह क्षेत्रमा सवारी पार्किङ्ग तथा व्यवस्थापन शुल्क संकलन सम्बन्धमा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०८/०२ गते वार्षिक न्यूनतम रकम रु.१८०००००/- (अक्षरुपी अठार लाख मात्र) कायम गरी आय बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन भएकोमा रित पुर्वक पेश हुन आएको जम्मा तीन वटा बोलपत्र मध्ये श्री नेक्सस इनर्जी प्रा.ली. नेपालगञ्ज-९, बाँकेले अधिकतम वार्षिक रकम रु.३००११०१/- (अक्षरुपी तीस लाख एक हजार एक सय एक मात्र) कबोल गरेकोले अधिकतम कबोल गर्ने बोलपत्रदाता श्री नेक्सस प्रा.ली. सँग कार्यालयले पाँच वर्ष अवधिकको लागि गरेको करार सम्झौता अनुमोदन गर्ने निर्णय गरीयो ।

3

प्रशान्त बिष्ट
नगर-प्रमुख

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

### निर्णय नं. ८

यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ४ मा अवस्थित बसपार्क सञ्चालन सम्बन्धमा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०९/१४ गते वार्षिक न्यूनतम रकम रु.१००००००/- (अक्षरुपी एक करोड मात्र) कायम गरी आय बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन भएकोमा रित पुर्वक पेश हुन आएको जम्मा तीन वटा बोलपत्र मध्ये श्री जयश्री बागेश्वरी यातायात प्रा.ली. नेपालगञ्ज-४, बाँकेंले अधिकतम वार्षिक रकम रु.१४३०७७७७/- (अक्षरुपी एक करोड त्रिचालिस लाख सात हजार सात सय सतहत्तर मात्र) कबोल गरेकोले अधिकतम कबोल गर्ने बोलपत्रदाता श्री जयश्री बागेश्वरी यातायात प्रा.ली. सँग कार्यालयले पाँच वर्ष अवधिको लागि गरेको करार सम्झौता अनुमोदन गर्ने निर्णय गरीयो।

### निर्णय नं. ९

यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ४ मा अवस्थित बसपार्क भित्र गाडी वासिङ्ग तथा ग्रिजिङ्ग व्यवसाय गर्ने सम्बन्धमा कालपृष्ठ दैनिक पत्रिकामा मिति २०८१/०८/०२ गते वार्षिक न्यूनतम रकम रु.३६००००/- (अक्षरुपी तीन लाख साठी हजार मात्र) कायम गरी आय बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन भएकोमा रित पुर्वक पेश हुन आएको जम्मा चार वटा बोलपत्र मध्ये श्री डिम्यान्स वासिङ्ग ग्रिसिङ्ग एण्ड सर्भिस सेन्टर नेपालगञ्ज-४, बाँकेंले अधिकतम वार्षिक रकम रु.३७२०००/- (अक्षरुपी तीन लाख बहत्तर हजार मात्र) कबोल गरेकोले अधिकतम कबोल गर्ने बोलपत्रदाता श्री डिम्यान्स वासिङ्ग ग्रिसिङ्ग एण्ड सर्भिस सेन्टरसंग कार्यालयले पाँच वर्ष अवधिकको लागि गरेको करार सम्झौता अनुमोदन गर्ने निर्णय गरीयो।

### निर्णय नं. १०

यस नेपालगञ्ज उप-महानगरपालिकामा आर्थिक सहायताका लागि प्राप्त भएका विभिन्न राजनैतिक दलहरुलाई आ.व. २०८१/०८२ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम **नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट** तपसिल बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | राजनैतिक दलको नाम | पत्रको विवरण | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाली कांग्रेस | प.सं.०८१/०८२, च.नं. १०३, मिति २०८१/११/१६ | रु.२००००.०० (बीस हजार मात्र) | |
| २. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | प.सं.०८१/०८२, च.नं. ४६, मिति २०८१/११/१६ | रु.२००००.०० (बीस हजार मात्र) | |
| ३. | नेपाल मजदुर किसान पार्टी | मिति २०८१/१०/२४ | रु.१५०००.०० (पन्ध्र हजार मात्र) | |
| ४. | नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) | प.सं.०८१/०८२, च.नं. ०११, मिति २०८१/१०/०१ | रु.१५०००.०० (पन्ध्र हजार मात्र) | |

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत



क्रमश: :

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

निर्णय नं. ११

यस नेपालगञ्ज उप-महानगरपालिकाद्वारा आ.ब.२०७९।८० बाट सुरुवात भै बहुबर्षीय योजनाको रुपमा सञ्चालन भैरहेको यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं.२ हनुमानगढी मन्दिरमा अवस्थीत बाल्दा तलाउमा १०८ फिट हनुमानको मुर्ति निर्माण कार्य ठेक्का नं. NSMC/NCB/W04/2079/80 को लागि २०८१/०९/२० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगरसभाको १६औं अधिवेशनको निर्णय नं. ६ बमोजिम संशोधित लागत अनुमान १४ करोड ०९ लाख ९७ हजार ६ सय ६८ रुपैयाँ ३३ पैसा स्वीकृत भएको र भेरीएशन हुने Item को दररेट मागका लागि मिति २०८१/०९/२३ गते च.नं.१९१९ को पत्र मार्फत जानकारी गराउदा निर्माण ब्यवसायी जम्बुदीप कन्स्ट्रक्क्सन प्रा.ली.,बसुन्धारा, काठमाडौं बाट २०८१/९/२४ गते दररेट पेस हुन आएको र उक्त दररेटमा कार्यालय सहमत नभएको हुँदा Rate Negotiation को लागि २०८१/९/२८ गते च.नं. १९८२ को पत्र मार्फत पत्राचार गरिएकोमा २०८१/०९/२९ गते नगरप्रमुख ज्यूको अध्यक्षतामा दुवै पक्ष बैठक बसी तपसिल अनुसारको दररेट कायम गरिएको ।

| सि.न. | कार्यको विवरण | ईकाइ | कायम भएको दररेट | कैफियत |
|---|---|---|---|---|
| १. | Supply and installation of aluminum mesh over the reinforcement for creating bondage for skin casting | प्रतिवर्ग मिटर | २४०.०० | |
| २. | Water proofing coating work with bonding chemicals over the whole body of statue | प्रतिवर्ग मिटर | ४४०.०० | |
| ३. | labour charge for sculpture work including detailed modelling, art finishing of the statue work, includes shaping, sculpture detailing and finishing to meet aesthetic and structural requirements excluding all material for sculping. (This item being measured separately and doesn't influence other item like concreting, reinforcement and formwork etc. | प्रतिरनिङ्ग फिट | २,२७,०००.०० | |

सो बमोजिम सुरुको सम्झौता रकम ११ करोड २४ लाख १० हजार ७ सय ५८ रुपैया ९८ पैसा मात्र (भ्याट, पि.एस., कन्टिजेन्सी, फिजिकल कन्टिजेन्सी, Price Adjustment सहित) मा रु २ करोड ८० लाख ५२ हजार ९ सय ८४ रुपैया २० पैसा (२४.९६%) बढ्न गई रु १४ करोड ४ लाख ६३ हजार ७ सय ४३ रुपैया १८ पैसा मात्र भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नेपालगञ्ज उप-महानगरपालिकाको सार्बजनिक खरिद नियमावली, २०८१ को नियम १३१ (१) (घ) बमोजिम भेरीएशन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगञ्ज उप महानगरपालिका

ज्ञानबहादुर थुक्का
प्रमुख प्रशासकीय अधिकृत

क्रमश: :

**मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :**

**भेरियसन आदेश सम्बन्धी प्रतिबेदन (मिति २०८१/१०/१०)**

१. ठेक्का नम्बर : NSMC/NCB/W04/079/80

२. निर्माण व्यवसायीको नाम: जम्बुदिप कन्स्ट्रक्सन प्रा.ली. बसुन्धारा काठमाडौं ।

३. कामको विवरण: १०८ फिटे हनुमान मुर्ति निर्माण कार्य, नेपालगञ्ज -२, बाँके

४. ठेक्का रकम ( With Vat, PS, Contingencies, Physical Contingency And Price Adjustment) : रु.११२४१०७५८।९८

५. ठेक्का स्वीकृत गर्ने अधिकारी : प्रमुख प्रशासकीय अधिकृत

६. ठेक्का सम्झौता मिति: २०७९।१२।०३

७. शुरु सम्झौता बमोजिम कार्य सम्पन्न गर्नुपर्ने मिति : २०८१/१२/०२

८. भेरियसन सम्बन्धी विवरण ।

क. सुरुको लागत अनुमान रकम (With Vat, PS, Contingencies, Physical Contingency And Price Adjustment) : रु.११,२८,२७,६९५।२९

ख. रिभाईज लागत अनुमान रकम (With Vat, PS ,Contingencies, Physical Contingency And Price Adjustment): रु.१४,०९,९७,६७८।३५

ग. सुरुको सम्झौता रकम (With Vat, PS, Contingencies, Physical Contingency And Price Adjustment): रु.११,२४,१०,७५८।९८

घ. भेरियसन पछिको सम्झौता रकम (With Vat, PS, Contingencies, Physical Contingency And Price Adjustment): रु.१४,०४,६३,७४३।१८

९. नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १३१ (२) को भेरियसन सम्वन्धी विवरण :

क. मुर्तिको डिजाईन र स्पेसिफिकेसनमा परिवर्तन नभएको ।

ख. भेरियसनले लागत अनुमानलाई असर गर्छ ।सुरुको लागत अनुमान गर्दा कलाकारिता सम्बन्धी ज्याला, Water Proofing कार्य र मुर्ति Skin Casting को लागि Aluminum Mesh जाली छुटेको र मुर्ति सम्पन्न गर्न माथि उल्लेखित गरिएका आईटमहरु छुटाउन नमिल्ने भएकोले भेरिएसन गर्नुपरेको हो ।

ग. भेरिएसनले सुरुको सम्झौता भन्दा रकममा फरक पर्न गएको छ । सुरुको सम्झौता रकम (With Vat, PS, Contingencies, Physical Contingency And Price Adjustment) रु.११,२४,१०,७५८।९८ भएको र भेरियसन पछिको सम्झौता रकम (With Vat, PS, Contingencies, Physical Contingency And Price Adjustment ) : रु.१४,०४,६३,७४३।१८ हुन गई कुल २४.९६ प्रतिशत बढ्न गएको छ ।

घ. नेपालगञ्ज उप-महानगरपालिका मिति २०८१/०९/२० गतेको नगर सभाको १६ औ अधिवेशनको निर्णय नम्बर ६ बमोजिम यस आ.ब. मा ३ करोड आ.ब. २०८२/०८३ मा १ करोड ७५ लाख र आ.ब. ०८३/०८४ मा ४७ लाख ३५ हजार ६ सय ५४ रुपैया पैसा ७७ विनियोजन हुने निर्णय भएको ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

6

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १२**

भूमिहीन दलित, भूमिहीन सुकम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४(घ) बमोजिम सहजिकरण समितिमा कार्यपालिकाका सदस्यहरु मध्येबाट एक दलित वा अल्पसंख्यक र एक जना महिला गरि दुईजना सदस्यहरु रहने व्यवस्था भएकोले सो पदमा कार्यपालिका सदस्य श्री बिना थापा र मो.मुजम्मिल हुसैन हल्वाईलाई मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस नेपालगञ्ज उप-महानगरपालिकामा रिक्त रहेको तपसिल बमोजिम नगर प्रहरीको विभिन्न पद, तह र संख्यामा पदपूर्तिका लागि कार्यालयबाट मिति २०८१/०९/१२ गते पेश भएको ।

**पदपूर्तिका लागि पेश भएको पद, तह र संख्या :**

| सि.नं. | पद | विज्ञापनको किसिम | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | नगर प्रहरी नायब निरीक्षक | खुला | १(एक) | |
| २. | नगर प्रहरी सहायक निरीक्षक | खुला | १(एक) | |
| ३. | नगर प्रहरी जवान | खुला | ४(चार) | |
| ४. | | महिला | १(एक) | |
| ५. | | आदिबासी/जनजाति | १(एक) | |
| ६. | | मधेसी | १(एक) | |

माथिको व्यहोरा पेश भएकोमा "माथि उल्लेख भएका पदहरुमा प्रहरी नायब निरीक्षक (सई) संख्या १ (एक) बाहेक अन्य पदहरुमा पदपूर्तिका लागि काम अगाडि बढाउने र नगर प्रहरी नायब निरीक्षकको पदपूर्ति हाललाई नगर्ने सम्बन्धमा आगामी कार्यपालिका बैठकमा निर्णय अनुमोदन गर्ने गरी सदर" भएको नगर प्रमुख स्तरीय निर्णय भएको हुँदा सो निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

संघीय सरकारबाट हस्तान्त्रित कार्यक्रम अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान शिर्षकमा १ करोड ६५ लाख रुपैया बिनियोजन भै प्राप्त भएकोमा छनौट भएका ३ वटा विद्यालयहरुको भवन निर्माणका लागि लागत अनुमानमा स्थानीय तहले व्यहोर्नुपर्ने लागत साझेदारीको लागि आवश्यक पर्ने रकम नगर सभाबाट विनियोजन नभएकाले हाललाई संघीय सरकारको अनुदान रकम र सम्वन्धित बिद्यालयको लागत सहभागिता रहने गरी भवन निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १५**

यस नेपालगञ्ज उप-महानगरपालिका २० नं. वडा कार्यालयको मिति २०८१।११।०८ को पत्रानुसार सुधरा कैरातिन बहुउद्देश्यीय भवन र उक्त भवनमा रहेका औजार तथा उपकरणहरुको सुरक्षा गर्न खटिएका चौकिदार कुल बहादुर लामाको २०८१ श्रावण महिना देखि माघ महिना सम्मको ज्याला तथा बिद्युत महशुल बापतको रकम माग गरेकोमा निजको ज्याला बापत प्रतिदिन ६ सय १० रुपैयाका दरले हुन आउने अधिकतम पारिश्रमिक रकम १ लाख २८ हजार १ सय रुपैया स्वीकृत डोर हाजिरी फारमका आधारमा र बिद्युत महशुल बापत प्रति महिनाको अधिकतम १ हजार रुपैयाका दरले हुन आउने ७ हजार समेत गरी जम्मा १ लाख ३५ हजार १ सय रुपैया मात्र वडा नं. २० मा होल्डिङ्ग सेन्टर तथा बर्न केयर सेन्टर सञ्चालन कार्यक्रमबाट २० नं. वडा कार्यालयमा निकासा दिने र निकासा प्राप्त भएपछि वडा कार्यालयबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

नेपालगञ्ज उप-महानगरपालिकाको भे १ ग १५५ नम्बरको दमकल मिति २०८१।१०।०४ गते दिउसो २:४५ बजे गणेशमान चोकमा दुर्घटना हुँदा सुर्खेत जिल्ला, विरेन्द्र नगरपालिका, वडा नं. ८ को स्थायी बासिन्दा श्री अनिषा नेपालीलाई ठक्कर दिदा निज अनिषा नेपाली घाइते भई नेपालगञ्ज शिक्षण अस्पतालमा उपचारका लागि भर्ना भएको र सो को उपचार खर्च यस नेपालगञ्ज उप-महानगरपालिकाले व्यहोर्ने गरि दुबै पक्षबिच सहमति भए बमोजिम निजको उपचारमा लागेको जम्मा रकम ३ लाख ८४ हजार २ सय ६७ रुपैया मध्ये घाईतेका पति श्री आकाश भुषालका नाममा ३ लाख १६ हजार १७ रुपैया र नेपालञ्ज मेडिकल कलेज हस्पिटलका नाममा मात्र ६८ हजार २ सय ५० रुपैया भुक्तानि दिने गरि मिति २०८१।११।०५ मा नगर प्रमुखस्तरीय निर्णयको अनुमोदन गर्ने साथै निजको खुट्टामा राखिएको रड निकाली सकेपछि हुन आउने जम्मा उपचार खर्च लगायतका सम्पूर्ण रकम बिमा माग दावि गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुको प्रशासकीय भवनहरु निर्माण कार्यका लागि आर्थिक वर्ष २०८१/०८२ मा नगर सभाबाट बिनियोजन भएको रकम सम्बन्धित वडा कार्यालयहरुमा निकासा गरी वडा कार्यालयहरुबाटै निर्माण कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

नेपालगञ्ज उप-महानगरपालिका सामुदायिक विद्यालयका किशोरीहरुको लागि सेनेटरी प्याड खरिद मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत



प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १९

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०८/१३ गतेको "यस नेपालगञ्ज उप-महानगरपालिकाको लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ अनुसार पुरुष सञ्जालका सदस्यहरुको नियुक्तिको लागि आदर्श पुरुषहरुको सूची (ROSTER) तयार गर्न १५(पन्ध्र) दिने सूचना प्रकाशन गर्ने" निर्णयानुसार सूचना प्रकाशन गर्दा निर्धारित मिति भित्र पेश भएका निवेदनहरु मध्ये तपसिल बमोजिमका निवेदकहरुलाई आदर्श पुरुषहरुको सूची (ROSTER) मा समावेश गरी पुरुष सञ्जालका सदस्यहरुको रुपमा छनौट गरी नियुक्त गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.न | नाम,थर | ठेगाना | फोन न. | कैफियत |
|---|---|---|---|---|
| १ | भिष्म प्रसाद लोध | नेपालगञ्ज २१ | ९८४८२२१७२१ | |
| २ | गणेश प्रसाद भट्टराई | नेपालगञ्ज १८ | ९८५८०२७३१८ | |
| ३ | सुनिल सिंह हमाल | नेपालगञ्ज २ | ९८४८०४२८९४ | |
| ४ | जयप्रकाश ठटेर | नेपालगञ्ज ११ | ९८४८२२१७२१ | |
| ५ | संजय कुमार द्विवेदि | नेपालगञ्ज ११ | ९८४८०५५४२१ | |
| ६ | भावुक जंग थापा | नेपालगञ्ज ११ | ९८४८०२३४२६ | |
| ७ | विरेन्द्र कुमार वर्मा | नेपालगञ्ज ९ | ९८४८०२५००४ | |
| ८ | नर बहादुर थापा | नेपालगञ्ज ९ | ९८४८०३४६६३ | |
| ९ | शुभम् के सी | नेपालगञ्ज ५ | ९८६८४६१६४३ | |
| १० | केशव प्रसाद बाल्मिकी | नेपालगञ्ज ८ | ९८४८०५९२४७ | |
| ११ | मिथिलेस पासी | नेपालगञ्ज २२ | ९८२९६४२७४० | |
| १२ | आनन्द कुमार वर्मा | नेपालगञ्ज १५ | ९८४३७७६२७३ | |
| १३ | सत्य प्रकाश ठटेर | नेपालगञ्ज ११ | ९८१२५३४९५६ | |
| १४ | पुष्प प्रसाद उप्रेती | नेपालगञ्ज १० | ९८६६२०७१०० | |
| १५ | नमस्कार शाह | नेपालगञ्ज १२ | ९८५८०२१६७७ | |
| १६ | राम चन्द्र पंडित कुम्हार | नेपालगञ्ज १३ | ९८४८०२८६०५ | |
| १७ | स्वामी दयाल गुप्ता | नेपालगञ्ज ८ | ९८४८०४३९३१ | |
| १८ | दिपेद्र कुमार जोशी | नेपालगञ्ज १० | ९८४८०२७०८७ | |
| १९ | कृष्ण प्रसाद भट्ट | नेपालगञ्ज १३ | ९८४५६५८३३० | |
| २० | नर बहादुर विष्ट | नेपालगञ्ज १० | ९७६८०१४५०५ | |
| २१ | गोकर्ण प्रसाद आर्चाय | नेपालगञ्ज ४ | ९८५८०२६७५५ | |
| २२ | लाल बहादुर क्षेत्री | नेपालगञ्ज ९ | ९८४८०२९९९८ | |
| २३ | अम्बर बहादुर बुढा मगर | नेपालगञ्ज १० | ९८१२४१४६९० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

क्रमशः

CamScanner

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

निर्णय नं. २०

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत वडा नं. २० मा रहेको उप-महानगरपालिका मातहत "सुघरा कैरातिन बहुउद्देश्य भवन" मा सार्वजनिक निजि साझेदारी मोडलमा जनरल अस्पताल एवम बर्न केयर सेन्टर सञ्चालन गर्नका लागी ईच्छुक निजि संस्था वा अस्पतालहरुबाट तपसिलमा उल्लेखित कागजात सहितको आशय-पत्र नेपालगञ्ज उप-महानगरपालिका स्वास्थ्य महाशाखामा पेश गर्नका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

### आशय-पत्र सहित संलग्न गर्नुपर्ने कागजातहरू:

१. सक्कल निवेदन,
२. कम्पनी फर्म दर्ता प्रमाण-पत्र, स्थायी लेखा नं प्रमाण-पत्र र विधानको प्रतिलिपि,
३. आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
४. सञ्चालकको नेपाली नागरिकताको प्रतिलिपि,
५. प्रदान गरिने सेवाहरु र सेवा शुल्कको सुची
६. सेवा प्रदान गर्दा आवश्यक पर्ने औजार तथा उपकरणहरुको सुची
७. जनशक्तीहरुको विवरणको सुची,
८. प्रेषण प्रणालीको प्रकृया
९. औषधी तथा अन्य सामाग्रीहरु र अन्य सेवाहरुमा दिइने छुट (प्रतिशतमा),
१०. फोहर मैला व्यवस्थापन प्रकृया,
११. मासिक रुपमा गरिने प्रगति प्रतिवेदनको प्रकृया,
१२. यस उप-महानगरपालिकामा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी/नेपालगञ्ज उप-महानगरपालिका भित्र रहेको संस्थाहरुको हकमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
१३. आशय-पत्र, निवेदन दस्तुर बापत रू. ५००/- राजश्व बुझाएको रसिद ।

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

क्रमशः

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. २१**

चालु आ.व. २०८१।८२ को स्वीकृत बार्षिक कार्यक्रम क्रमागत योजना अन्तर्गतका तपसिल बमोजिमका योजना/कार्यक्रमहरुको बिभिन्न कारणले समयमा सम्पन्न नभएकाले बिभिन्न मितिमा नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु बमोजिम म्याद थप र पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने निर्णय भएकोमा हाल सम्म पनि सम्पन्न नभएको र योजना सम्पन्न गर्नका लागि समय उपलब्ध गराइदिनका लागि निर्माण ब्यवसायीबाट अनुरोध भएको हुँदा नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावलीको नियम १३३ र १३४ बमोजिम तपसिल बमोजिममा उल्लेख भए अनुसारको म्याद थप र पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्पन्न गर्ने समयावधि उपलब्ध गराउने निर्णय गरियो ।

(क) बोलपत्र मार्फत कार्यान्वयन योजना

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्झौता बमोजिम सम्पन्न हुने मिति | म्याद थप पश्चात सम्पन्न हुने मिति | नगर कार्यपालिका बैठकको निर्णय बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिइ सम्पन्न गर्नुपर्ने मिति | हालको निर्णय बमोजिम म्याद थप मिति | हालको निर्णय पूर्व निर्धारित क्षतिपूर्ति लिइ सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | जि.स.स. वाट महिला कलेज र बिचबाट पूर्व जाने बाटो निर्माण योजना | NSMC/NCB/W11/080/81 | २०८०।११।३० | २०८१।०२।१५ | २०८१।०७।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा ३ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । (निर्णय मिति २०८१।०५।०९) | | मिति २०८२ जेठ २० गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| २. | वडा नं.१३ बाबु गाउँ जाने पिच देखी गंगापुर हुँदै पिच बाटो सम्म जोड्ने सडक निर्माण योजना | NSMC/NCB/W12/080/81 | २०८०।१२।२१ | २०८१।०२।१५ | २०८१।०७।३० | | | |
| ३. | पासाङ्गल्ह्यामु मार्ग निर्माण | NSMC/NCB/W02/080/81 | २०८०।०९।१८ | २०८१।०३।१४ | २०८१।०७।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा ३ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । (निर्णय मिति २०८१।०५।०९) | | मिति २०८२ जेठ २० गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| ४. | सुर्खेत रोड गणेशमान चोक देखी कारकाँदो चोक सम्म फूटपाथ व्यवस्थापन तथा शौन्दर्यिकरण | NSMC/NCB/W01/2080/81 | २०८०।०९।१२ | २०८१।०३।१५ | २०८१।०७।३० | | | |

अमबहादुर खड्का
पमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः

मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

| क.सं. | योजनाको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्झौता बमोजिम सम्पन्न हुने मिति | म्याद थप पश्चात सम्पन्न हुने मिति | नगर कार्यपालिका बैठकको निर्णय बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिइ सम्पन्न गर्नुपर्ने मिति | हालको निर्णय बमोजिम म्याद थप मिति | हालको निर्णय पूर्व निर्धारित क्षतिपूर्ति लिइ सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| ५. | बागेश्वरी चिल्ड्रेन पार्क निर्माण न्यरोड | NSMC/NCB/W03/080/81 | २०८०।०९।२३ | २०८१।०३।१० | २०८१।१०।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा १ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । (निर्णय मिति २०८१।०८।१३) | | मिति २०८२ जेठ ३० गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| ६. | बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मन्दिर जाने पुल स्तरउन्नती | NSMC/NCB/W05/079/080 | २०७९।१२।०२ | २०८०।१२।०१ | २०८१/१०/३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा २ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । (निर्णय मिति २०८१।०९।१८) | | मिति २०८२ बैशाख ३१ गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| ७. | NIDC सडक मर्मत कार्य | NSMC/NCB/W17/080/81 | २०८१।०१।३० | २०८१।०३।१५ | २०८१।१२।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा १५ दिन पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । (निर्णय मिति २०८१।०९।०८) | | मिति २०८२ जेठ १६ गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| ८. | नगरपालिकाको विभिन्न स्थानमा छुटेको पिच बाटो निर्माण कार्यक्रम | NSMC/NCB/W13/080/81 | २०८०।१२।१८ | २०८१।०३।१४ | २०८१।०७।३० (निर्णय मिति २०८१।०५।०९) | | २०८२।०२।३० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः

## मिति २०८१/११/२३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

निर्णय नं. २२

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत ६ नं. वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ५०३, मिति २०८०/०८/११ गतेको पत्रानुसार वडा कार्यालयको भवन निर्माणका लागि श्री शिव पार्वती मन्दिर संरक्षण तथा व्यवस्थापन समिति, ६ नं. वडा को मिति २०८१/०२/०२ को निर्णय बमोजिम समितिको प.सं. ०८०/०८१, च.नं. २३, मिति २०८१/०२/०६ गतेको समेतका आधारमा नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ६ स्थित सिट नं. ०३५-१४५१-०३ कित्ता नं. १०२ मध्ये मुख्य बाटोको पूर्वतर्फ १३९१.४ वर्ग मि. जग्गा नेपालगञ्ज उप-महानगरपालिका ६ नं. वडा कार्यालयलाई वडा कार्यालय भवन निर्माण गर्न दिने भनि उल्लेख भएको हुँदा शिव पार्वती मन्दिरको सम्पत्तिको संरक्षण गर्न, वडा नं. ६ मा वडा समितिको भवन निर्माण गरी सेवाग्राहीलाई सर्वसुलभ सेवा प्रदान गर्न र दाताको उद्देश्य बमोजिम शिव पार्वती मन्दिर समेत स्थापना गरी संस्थालाई सहयोग समेत उपलब्ध गराउने र नेपालगञ्ज उप-महानगरपालिका नगर सभाको आगामी अधिवेशनबाट अनुमोदन गर्ने गरी हाललाई उक्त वडा कार्यालय भवन निर्माण तथा सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो ।

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका